# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ७६।७७
चलानी नं. :

## प्रेस विज्ञप्ति

नेपाल सरकारको स्वामित्व भएको यस लि. ले वि.सं. २०३३ आषाढ १२ गते विधिवत रुपमा स्थापना भए देखि नै नेपालको पुँजी बजारमा पुऱ्याएको योगदान सर्वविदितै छ । यस लि. पुँजी बजारको स्वच्छता, पारदर्शीता र निष्पक्षतामा सदैव प्रतिवद्ध छ । लगानीकर्ता, सम्बद्ध निकाय, आर्थिक क्षेत्रका साथै समग्र नेपाल राष्ट्रको उन्नतिको आधार मानिएको पुँजी बजारको वहुआयामिक विकास अपरिहार्य भएको तथ्य मनन गर्दै **नेपाल सरकार (माननीय मन्त्रीस्तर) निर्णय अनुसार गठित मुद्रा तथा पूँजी बजारमा देखिएका प्रवृतिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि श्रोत व्यवस्थापन सम्बन्धी सुझाव समिति** द्वारा ५८ बुदाँमा सुझाव गरिएका यस लि. संग सम्बन्धित देहाय बमोजिम कार्य भए गरेको जानकारी सम्बन्धित सबैमा अनुरोध छ । साथै, यस लि. पुँजी बजारको विकास तथा विस्तारमा योगदान गर्न सकरात्मक साथै रचनात्मक सहयोग, मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, लगानीकर्ता, पत्रकार तथा बुद्धिजीवी वर्ग, सदस्य दलाल लगायत सम्बन्धित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

| सुझाव समितिको प्रतिवेदनमा उल्लिखित विषय | प्रगती विवरण |
|---|---|
| वाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र व्यवसायीको अनुमतिपत्र लिन सिफारिस प्रदान गर्ने तथा संघीय संरचना अनुसार विभिन्न प्रदेशहरुमा आर्थिक रुपमा सक्रिय जिल्ला/स्थानहरुमा (काठमाडौं उपत्यका बाहेक) स्थानीय स्तरमा धितोपत्र दलाल व्यवसायीको अनुमति प्रदान गर्न आवश्यक कार्य अगाडि बढाउन निर्देशन दिएकोमा | • मिति २०७६/०४/१७ गते सुचना प्रकाशन गरि वाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र व्यवसायीको अनुमतिपत्र लिन सिफारिस प्रदान गर्ने सम्बन्धमा कार्य अगाडि बढाएकोमा संघीय संसद, प्रतिनिधि सभा, अर्थ समितिद्वारा गठित उपसमितिले यस सम्बन्धमा अध्ययन गर्ने भएकोले उक्त समितिद्वारा मिति २०७६/०४/३० गते यस लि. मा प्रेषित पत्रको भावना अनुरुप उक्त उपसमितिको प्रतिवेदन प्राप्त भए पछि निर्णय गर्ने गरी हालको लागि स्थगित राखिएको ।<br>• संघीय संरचना अनुसार विभिन्न प्रदेशहरुमा आर्थिक रुपमा सक्रिय जिल्ला/स्थानहरुमा (काठमाडौं उपत्यका बाहेक) स्थानीय स्तरमा धितोपत्र दलाल व्यवसायीको अनुमति प्रदान गर्ने सम्बन्धमा अध्ययन |

नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ७६।७७
चलानी नं. :

| | |
|---|---|
| | सम्पन्न गरी कार्यविधि तयार गरिएको र संचालक समितिमा छलफलका क्रममा रहेको । |
| नेप्से सूचकांक (NPESE Index) मा लाग्ने गरेको सर्किट ब्रेकर प्रणालीलाई समयसामयीक बनाउन आवश्यक देखिएको सन्दर्भमा अन्तराष्ट्रिय अभ्यास समेत मध्यनजर गरी बजार प्रभावित गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न नेप्से सूचकांक बढ्दा र घट्दा सर्किट ब्रेक लाग्ने व्यवस्थालाई समसामयिक बनाउन अन्तर्राष्ट्रिय अभ्यास समेतको अध्ययन गरी कार्यान्वयनका लागि बोर्डमा पेश गर्ने । | पूर्ण रुपमा कार्यान्वयन भई सकेको । |
| धितोपत्र बजारको लगानीकर्ताहरुको हित संरक्षणका लागि एउटा लगानीकर्ता सुरक्षण कोष (Investors Protection Fund) स्थापना गर्न तथा धितोपत्र बजारका लगानीकर्ताहरुको हित संरक्षणको लागि विद्यमान कानूनी व्यवस्थाको समिक्षा गरी २०७५ चैतसम्ममा कार्यान्वयनमा ल्याउने गरी बोर्डमा पेश गर्ने । | धितोपत्र बजारको लगानीकर्ताहरुको हित संरक्षणका लागि लगानीकर्ता सुरक्षण कोष (Investors Protection Fund) को कार्यान्वयन गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १८३ (३) मा लगानीकर्ता संरक्षण कोषको व्यवस्थापन तथा सञ्चालन रजिष्ट्रार, धितोपत्र बोर्डको अध्यक्ष वा निजको प्रतिनिधि र धितोपत्र वजार सञ्चालन गर्ने संस्थाहरुमध्येबाट धितोपत्र बोर्डले नियुक्त गरेको एकजना प्रतिनिधिसमेत रहेको समितिले निर्णय गरेबमोजिम हुने व्यवस्था रहेको र सो अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयवाट उक्त कोष संचालन भईसकेको । |
| ओटिसी (OTC) बजारलाई गतिशील बनाउन प्रविधिमैत्री बनाउने सन्दर्भमा स्वचालित प्रणाली अपनाउन आवश्यक कार्य अगाडि बढाउने । | यस सम्बन्धमा लागत लाभको अध्ययन गर्दै नेप्सेले विगतमा प्रयोग गरेको कारोवार प्रणालीलाई नै परिमार्जन गरी ओटिसी (OTC) बजारलाई उपयुक्त हुने किसिमले तयार गर्ने सम्बन्धमा कार्य सुरु भईसकेको । |
| कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष तथा धितोपत्र व्यवसायीहरुलाई बजार निर्माता/व्यापारी (Market Maker or Dealer) को रुपमा कार्य गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरी बोर्डमा सिफारिस गर्ने । | नेप्सेले अध्ययन प्रतिवेदन तयार गरी नेपाल धितोपत्र बोर्डमा पेश गरि सकेको ।<br>बजार निर्माता/व्यापारी को कार्य गर्ने सम्बन्धमा नेप्सेको वर्तमान कारोवार प्रणालीमा व्यवस्था रहेको । |

मितिः २०७६।०६।०१

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.